

# ८ शिक्षा र मुक्ति वा अनन्त जीवन

***यस अध्यायका मूल पदहरू:*** उत्पत्ति १:२६,२७, यशैया ११:१-९, २ तिमोथी ३:१४-१७, १ राजा ४:२९-३४, यूहन्ना १४:१७ र १ कोरन्थी २:१-६।

***यस अध्यायको मूल सार पद:*** "१६ सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट दिइएको हो, र यो शिक्षादीक्षा दिनलाई वा सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, १७ ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस्।" (२ तिमोथी ३:१६-१७ रूपान्तरित)।

परमेश्वर र उहाँका जनहरूको बीचमा लामो कथा भएको पुस्तक बाइबल हो। कहिलेकाहीं यो पुस्तकलाई प्रेमकथा पनि भनिन्छ तर अस्थाइरूपमा भएतापनि परमेश्वरको प्रेमलाई हत्याउने र उहाँलाई रुवाउने उहाँका प्रियसी जनहरूको गाथा पनि भनिन्छ। वा यो बाबु र उहाँका विद्रोह गर्ने सन्तानहरूको कथा पनि भनिन्छ जहाँ परमेश्वर र उहाँका जनहरूको बीचमा भइरहेको सम्बन्धमा तलमाथी भइरहन्छ र अन्तमा सबै ठीक हुने आशाले भरिएको पुस्तक बाइबल हो।

तर यस अध्यायको अध्ययनको बिषयबस्तु अलि भिन्नै खालको हुनेछ। बाइबलका कथाहरूमा धेरै विषयबस्तुहरू छन्। यस अध्यायमा गुरु र चेला वा शिक्षक र विद्यार्थीको बीचमा भएको सम्बन्धको बारेमा हामी अध्ययन गर्नेछौं। चेला वा विद्यार्थी अर्थात परमेश्वरका जनहरूले जाँचमा फेल भएकै भए हुन्छ। तर परमेश्वरले तिनीहरूलाई बारम्बार पाठ सिकाइरहनुभएको हुन्छ ताकि आखिरमा तिनीहरूले सिकुन्।

बाइबलको कथा हामीले थाहा पाएका मानव कथाहरू भन्दा धेरै फरक नभएको त पाइन्छ किनभने यसले मानिसहरूका जीवनका कथाहरूलाई प्रतिबिम्बित गरेको हुन्छ। तर एउटा अपवाद वा मानिसहरूका कथा भन्दा फरक एउटा छ। संसारका मानिसका कथाहरूको अन्त जहिले पनि दुःखान्त नै हुन्छ। जतिसुकै मानिसहरू खुशी वा सफल भएतापनि अन्तमा तिनीहरूको अन्त्य हुन्छ र सबैलाई रुवाएर गएकै हुन्छ। तर परमेश्वर र उहाँका जनहरूको कथाले त्यस कथाको अन्त्य असल हुन्छ र परमेश्वरको लक्ष्यमा आखिरमा पुग्नेछ भनेर हामीलाई विश्वस्त पारिएको छ। प्रायजसो मानिस मानिसको बीचमा भइरहेको सम्बन्ध गलत हुनसक्छ, त्यसले मानिसहरूको बीचमा भयाभव वा कष्टकर वातावरण सृजना भइरहेको पनि पाइन्छ। तर बाइबलको कथाले मुख्यतः परमेश्वरले हामीलाई यस्तो निम्तो दिनुहुन्छ भनेर देखाउँछ कि उहाँको बारेमा हामी जानुन र मानव जगतमा उहाँको चाहना र लक्ष्य सबैले थाहा पाउन्। परमेश्वरको बारेमा जान्न सक्नु नै उहाँको अनुग्रहको स्वीकार गर्ने हाम्रो मूख्य प्रत्युत्तर हो। परमेश्वरको त्यस अनुग्रहलाई हामीले कुनै धर्मकर्म वा परोपकारीय काम गरेर आर्जन गर्न सक्दैनौं। तर हामी सिक्न सक्दछौं। साँच्चै भनौं भने इसाई शिक्षाको मूल विषयबस्तु भनेकै यस अनुग्रहको बारेमा सिकाउनु हो भने पनि हुन्छ।

## १. परमेश्वरको स्वरुपमा

देहायका पदहरू पढ्नुहोस्। ती पदहरूले सुरुमा परमेश्वरलाई कस्तो खालको मानिसलाई सृष्टि गर्नुभयो र पछि पापले गर्दा परमेश्वरको त्यो सृष्टि कसरी क्षतबिक्षत भयो भनेर हामीलाई सिकाउँदछ? हेर्नुहोस्, उत्पत्ति १:२६,२७ "२६ फेरि परमेश्वरले भन्नुभयो, 'मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं। तिनीहरूले समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू, पालिने पशुहरू र जमिनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून्।' २७ यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो। परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो। नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो।" र उत्पत्ति ५:१-५ "१ आदमको लिखित वंश-विवरण यही हो। परमेश्वरले मानिसलाई सृष्टि गर्नुहुँदा उहाँले उनलाई आफ्नै स्वरूपमा बनाउनुभयो। २ उहाँले तिनीहरूलाई नर र नारी सृष्टि गर्नुभयो। तिनीहरूको सृष्टि भएको दिन उहाँले तिनीहरूलाई आशिष् दिनुभयो र 'मानिस'

नाउँ दिनुभयो। ३ आदमको उमेर एक सय तीस वर्षको हुँदा तिनले आफ्नै स्वरूपमा एउटा छोरालाई जन्म दिएर तिनको नाउँ शेत राखे। ४ शेतको जन्म भएपछि आदम आठ सय वर्षसम्म बाँचे, र तिनका अरू छोराछोरीहरू जन्मे। ५ आदमको जम्मा उमेर नौ सय तीस वर्ष भएको थियो। अनि तिनी मरे।"

"परमेश्वरको स्वरुप" भन्नु भनेको केहो भनेर शताब्दीयौंदेखि बाइबललाई गर्नेहरूलाई आकर्षित गरिरहेको छ। जब पहिलो मानव प्राणीको सृष्टिभयो तब त्यो मानिसको रुप कस्तो थियो होला? त्यसको अर्थ के परमेश्वरले भर्खर नयाँ सृष्टि गर्नुभएको मानव ऐनामा हेर्नुभएर "ल, यो त मजस्तै रहेछ" भनेर महसुस गर्नुभएको थियो की? वा अरू सबै सृष्टिहरूका जीवहरूमा मानिसचाहीँ परमेश्वर जस्तै देखिएको हो? वा मानव सृष्टिमा उक्त मानवमा परमेश्वरसँग मिल्ने आत्मिक र वौद्धिक क्षमता वा प्रतिभा भएक थियो? बाइबलका विभिन्न विद्वानहरूले त्यसको अर्थ विभिन्न लगाउन खोजेतापनि बाइबलले ठ्याक्कै यही हो भनेर लेखिएको छैन। तर जे भएतापनि पापपछि त्यो सरुप परिवर्तन भएको थियो भनेर हामी देख्न सक्छौं। यही सन्दर्भमा लिएर एलेन जी ह्वाइटले भन्नुहुन्छ कि सही वा असल शिक्षाको लक्ष्य भनेकै मानिसलाई उसको सृष्टिकर्ताको स्वरुपमा पुनर्स्थापित गर्नु हो (एजेकेशन पृ. १४-१६बाट रूपान्तरित)।

यस्तो अत्यन्तै उल्लेखनीय र पुनित लक्ष्य शिक्षाले कसरी हासिल गर्न सक्छ?

पहिले त यो कुरो हामीले सम्झनु जरुरी छ। जसरी बाबुआमाले छोराछोरी जन्माउँछन् त किनभने भन्दा तिनीहरूसँग सम्बन्ध राख्नको लागि, त्यसरी नै परमेश्वरले हामीलाई सृष्टि गर्नुभयो ताकि उहाँले हामीसँग सम्बन्ध राख्न सकोस्। उहाँले हामीलाई उहाँको स्वरुपमा बनाउनुभयो जसरि हामी हाम्रा मानवीय बाबुआमाको स्वरुपमा जन्मिएका हुन्छौं (उत्पत्ति ५:१)। हामी उहाँको सन्तान भएर उहाँले हुर्काउन सकोस, हामी उहाँको परिवारमा समावेश हुन सकोस्, हामीसँग आदानप्रदान वा कुराकानी गर्न सकोस् र कहिल्यै नटिटिने सम्बन्ध उहाँले हामीसँग गाँसिराख्न सकियोस्। परमेश्वरको स्वरुप भनेको केवल हामीले उहाँको स्वरुप भनेको के हो भनेर बुझ्न खोज्नुहो अर्थ हामीहरूको दिमागमा उहाँको बारेमा भएको चित्रणलाई जगाइ राख्नु जस्तो हो । जसले गर्दा दुई जीवहरू, परमेश्वर र मानवले आआफ्ना दिमाग, सोचबिचारलाई एकै थलोमा

राखेर आदानप्रदान गर्न सकुन्। मानसिकरूपमा परमेश्वर हामीसँग भेटघाट गर्न चाहनुहुन्छ। यही खालको वातावरणको सृजना पहिला घरमा हुन्छ। बालबालिकाहरूले पहिलो शिक्षादीक्षा बाबुआमाबाट नै पाउँछन् अनि तिनीहरू स्कूल जान्छन् र तिनीहरूको शिक्षकहरूले शिक्षण प्रणाली अनुसार पाठ सिकाउँछन्। हामीलाई थाहा भएको यो शैक्षिक प्रक्रिया होस् भन्ने परमेश्वरको अभिप्राय थियो जसले गर्दा मानिस र पशु वा अरू जीवको बीचमा ठूलो अन्तर हुन गएको छ। उहाँले हामीलाई उहाँकै स्वरुपमा बनाउनुभयो-उहाँले हामीलाई किन बनाउनुभयो भन्दा उहाँले हामीलाई तबसम्म हामीलाई सिकाउन सकोस्, उहाँबाट हामी तबसम्म सिक्न सकोस् जबसम्म हामीले उहाँको स्वरुप वा दिमागलाई प्रतिबिम्ब गर्न सकियोस्।

मुक्तिको कथा भनेको त्यो शिक्षाको कथा हो जसले सृष्टिदेखि येशूको मानव अवतारसम्म र येशूको मानव अवतारदेखि हाम्रो पुनर्सृष्टि होस्। परमेश्वर स्वयँ हाम्रो गुरु हुनुहुन्छ र अनन्त समयसम्म हाम्रो स्कूल स्वर्ग हो (एलेन जी ह्वाइट, *एजुकेशन,* पृ. ३०१)। यस सोचलाई व्यवहारमा उतार्न हाम्रो घरमा, चर्चमा, स्कूलमा, विश्वविद्यालयहरूमा र सारा जीवनभरि इसाई शिक्षाप्रति हाम्रो प्रतिवद्धता कस्तो हुनुपर्छ?

## २. येशू हाम्रो गुरु

येशू को हुनुहुन्छ भनेर व्याख्या गर्न वा वयान गर्न बाइबलमा धेरै शब्दहरू प्रयोग गरिएको छ। उहाँ परमेश्वरको पुत्र, मसीह, मानिसको पुत्र, मुक्तिदाता अर्थान् उद्धारकर्ता, परमेश्वरको पाठो आदि। यी त केवल केहीमात्र हुन्। तर जुन मानिसहरूले येशूलाई उहाँको यहूदिया र गालिलमा गर्नुभएको सार्वजनिक सेवाकार्यको तीन वर्ष आदिसम्म चिनेका थिए उहाँलाई लोकप्रिय शब्दमा "गुरु", "स्वामी" वा "रबी" भनेर सम्बोधन गरेका थिए। ती सबैको खास अर्थ "गुरु" वा "शिक्षक" हो।

त्यसैकारण उहाँको शिक्षण पेशामा र सिकाउने काममा आफ्नो सार्वजनिक सेवाकार्य उपयुक्त भएको उहाँले ठान्नुभएको थियो। तर उहाँको मुक्ति वा पापबाट उद्धार गर्ने काम र शिक्षादीक्षा दिने काम सँगसँगै गएको देखिन्छ। त्यसको बारेमा पुरानको करारको सुसमाचारक अगमवक्ताले पनि उहाँको त्यस कामको बारेमा भविष्यवाणी गरेका थिए।

यशैया ११:१-९ पढ्नुहोस्। येशूको शिक्षण पेशाको बारेमा ती पदहरूले कसरी प्रकट गर्दछ? हेर्नुहोस्, "१ यिशैको ठुटाबाट एउटा टुसा निस्कनेछ, त्यसका जराहरूबाट निस्केको हाँगाले फल फलाउनेछ। २ परमप्रभुका आत्मा उहाँमा रहनुहुनेछ, बुद्धि र समझका आत्मा, सल्लाह र शक्तिका आत्मा, ज्ञान र परमप्रभुको भयको आत्मा ३ अनि परमप्रभुको भयमा (वा उहाँप्रतिको अगाढ श्रध्दा) नै उहाँ प्रसन्न हुनुहुनेछ। आँखाले देखेर उहाँले इन्साफ गर्नुहुनेछैन, र कानले सुनेर मात्र निर्णय गर्नुहुनेछैन। ४ तर खाँचोमा परेकाहरूको न्याय उहाँले धार्मिकतासित गर्नुहुनेछ, र पृथ्वीका गरीबहरूका लागि उहाँले न्यायसित फैसला गरिदिनुहुनेछ। आफ्नो मुखको लाठोले उहाँले पृथ्वीलाई हिर्काउनुहुनेछ, र आफ्नो ओठको सासले दुष्टलाई नाश गर्नुहुनेछ। ५ उहाँको पेटी धार्मिकता हुनेछ, र उहाँको कम्मरको पटुका सत्यता हुनेछ। ६ ब्वाँसोचाहिँ थुमासित बस्नेछ, र चितुवा पाठासित सुतेर बस्नेछ। बाछा, सिंह र एक वर्षे पशु एकैसाथ रहनेछन्, र एउटा सानो बालकले तिनीहरूलाई डोऱ्याउनेछ। ७ गाई र भालू एकैसाथ चर्नेछन्, र तिनीहरूका बच्चाहरू एकैसाथ ढल्केर बस्नेछन्। र सिंहले गोरुले झैं पराल खानेछ। ८ दूधे-बालकले गोमन सर्पको कुरको नजिक खेल्नेछ, र भर्खर दूध छोड़ेको बालकले विषालु सर्पको दुलोमा आफ्नो हात हाल्नेछ। ९ तिनीहरूले मेरा सबै पवित्र पर्वतमा न त केही हानि न नोक्सानी गर्नेछन्, किनकि समुद्र पानीले भरिएझैं पृथ्वी परमप्रभुको ज्ञानले भरिपूर्ण हुनेछ।"

**मसीहको बारेमा गरेका चकित पार्ने भविष्यवाणीहरूमा यशैया ११मा छ। पद १-३मा मसीहलाई शैक्षिक शैलीमा वर्णन गरिएको छ। उहाँले ज्ञान, सरसल्लाह, बुद्धि र समझशक्ति ल्याउनुहुनेछ भनेर ती पदहरूमा वर्णन गरिएको छ। यस अंशको निश्कर्ष यो अचम्मको प्रतिज्ञा दिएर गरिएको छ "समुद्र पानीले भरिएझैं पृथ्वी परमप्रभुको ज्ञानले भरिपूर्ण हुनेछ।" ( यशैया ११:९)। यही खालको शिक्षाले गर्दा नै शायद एलेन जी ह्वाइटले एजेकेशन जस्तो पुस्तक लेख्दा शिक्षाको र उद्धार वा मुक्तिको कार्य एउटै हो भनेर उल्लेख गर्नुभएको थियो (*एजुकेशन* पृ. ३०)**

**यूहन्ना ३:१-३ पढ्नुहोस् "१ फरिसीहरूमध्ये निकोदेमस नाउँ भएका एक जना मानिस थिए। तिनी यहूदीहरूका महासभाका एक सदस्य थिए। २ यिनी राती येशूकहाँ आए, र उहाँलाई भने, 'गुरुज्यू, हामी जान्दछौं तपाईं परमेश्वरबाट आउनुभएको शिक्षक हुनुहुन्छ, किनकि परमेश्वर साथमा हुनुभएन**

भने तपाईंले गर्नुभएका यी चिन्हहरू कसैले गर्न सक्दैन।'३ येशूले तिनलाई जवाफ दिनुभयो, 'साँच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन।'" यहूदी धर्मको पण्डित र यहूदी धर्मको सभासद निकोदिमसले येशूलाई रबी वा गुरु भनेर सम्बोधन गरेका थिए साथै उहाँले दिनुभएको शिक्षा र कामहरू परमेश्वरकै बरदानबाट आएका हुन् भनेर स्वीकारेका थिए। येशूले गर्नुभएका आश्चर्य कामहरू र उहाँको शिक्षादीक्षाले मानिसको जीवनमा अर्थपूर्ण थियो। येशूले आफूलाई गुरु भनेर सम्बोधन गरेको पदलाई उहाँले स्वीकार गर्नुभएको थियो। त्यो पदले निकोदिमिसलाई दिएको सन्देशले यो देखाएको थियो कि उहाँमा शिक्षादिने बरदान आफैमा भएको उपज हो। परमेश्वरको राज्यमा पस्न, बुझ्न र त्यसलाई देख्न निकोदिमसले नयाँ जन्मको अनुभव गर्नै पर्छ भनेर उहाँले जिकिर गर्नुभएको थियो। त्यसको अर्थ येशूमा भएको अरूलाई दिने शिक्षादीक्षाको अधिकार परमेश्वरबाट आएको हो भनेर पुष्टि गरेको थियो।

हो, शिक्षा वा अरूलाई सिकाउने खुबी हुनु परमेश्वरको बरदान हो। यो परमेश्वरबाटै निर्देशित भएर आएको हो। येशूले आफू सुहाउँदो त्यस शिक्षालाई प्रयोग गर्नुभएको थियो र उहाँको शिक्षालाई सुन्ने मानिसहरूले उहाँमा परमेश्वरको अधिकार भएको महसुस गरेका थिए।

परमेश्वरको ज्ञान सारा संसारभरि फैलिने छ भन्ने भविष्यवाणी कसरी पूरा भइरहेको छ भनेर हेर्नु हाम्रो दृष्टिकोण कस्तो छ?

## ३. मोशा र अगमवक्ताहरू

इसाई शिक्षामा धर्मशास्त्र बाइबलको भूमिका के भनेर २ तिमोथी ३:१४-१७ले हामीलाई कसरी बताउँछ? हेर्नुहोस्, "१४ तर तिमीचाहिँ आफूले सिकेका र दृढ़तासँग विश्वास गरेका यी कुराहरूमा लागिरह। ती कसबाट सिकेका छौ, सो तिमी आफै जान्दछौ। १५ तिमी बाल्यकालदेखि पवित्र-धर्मशास्त्रसँग परिचित छौ, जसले ख्रीष्ट येशूमा भएको विश्वासद्वारा मुक्तिको निम्ति तिमीलाई शिक्षा दिन सक्छ। १६ सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, १७ ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस्।"

बाइबलको पहिलो पाँच पुस्तकहरूलाई टोराह भन्छ। कहिलेकाहीँ यसलाई "व्यवस्था" भनेर पनि अनुवाद गरिन्छ किनभने यी पुस्तकहरूमा धेरै व्यवस्थाहरू लेखिएका छन्। तर टोराहको मूख्य अर्थचाहीँ "शिक्षादीक्षा दिने" "सिकाउने, निर्देशन दिने वा तालिम दिने" हो। कतिपय मानिसहरूले व्यवस्था भन्दा विभिन्न रितिथिती, नियम कानून, धार्मिक विधिहरू र संस्कारको निम्ति दिएका निर्देशनहरू भनेर बुझ्छन्। परमेश्वरको अनुग्रहमा रहिरन ती व्यवस्थालाई पालन गरिरहनु पर्छ भनेर तिनीहरूले सिकाउँदछन्। खास त यो होइन, परमेश्वरले दिनुभएको व्यवस्थामा ती शैक्षिक सामग्रीहरू छन् जसले परमेश्वरले सुरुमा जुन अभिप्रायले हामीलाई सृष्टि गरिएको थियो त्यस अभिप्रायमा रहन परमेश्वरसँग करारको सम्बन्धमा कसरी सुरक्षित पूर्वक रहिरहने र हामी कसरी सफल र अर्थमूलक जीवन व्यतित गर्ने भनेर ती शिक्षण सामग्री वा व्यवस्थाले सिकाउँदछन्।

अर्को हिब्रू बाइबल वा पुरानो करारका दुई भागहरूलाई अगमवक्ताका लेखहरू भनिन्छ। परमेश्वरले अगमवक्ता, व्यवस्था र ऐतिहासिक विवरणहरूबाट सिकाउनुभएका शिक्षादीक्षा, अर्ति, उपदेशहरूलाई उहाँका जनहरूले कसरी सिकेर पालन गरेका छन् र पछिका अगमवक्ताहरूले सिकाएका शैक्षिक सामग्रीहरूबाट तिनीहरूले कसरी सिक्नुपर्थ्यो सिकेकि सिकेनन् भन्ने विवरणले अगमवक्ता वा परमेश्वरका प्रवक्ताका लेखहरू दोस्रो भागमा लेखिएको छ। पुरानो करारका बाँकि भागहरूलाई "लेखहरू" भनेर कहलाइन्छ। त्यसमा परमेश्वरका शिक्षक र विद्यार्थीहरूको बिचमा उहाँले दिनुभएको शिक्षादीक्षाहरूको सफल र कम असफल अनुभवहरू खुलारुपमा प्रस्तुत गरेका छन्। एस्थर, रुथ, दानिएल र अय्यूबका अनुभवहरूले परमेश्वरले सिकाउनुभएका शिक्षाहरूलाई कसरी सफलतापूर्वक पालन गरे भनेर लेखिएको छ। असफल छात्रहरूमा अरूहरूको साथै अय्यूबका चार जना साथीहरू पर्दछन्। भजनसंग्रह भजनको पुस्तक हो, तैपनि त्यसमा कमसेकम तीन भजनहरू छन् जुन शिक्षा दिने भजनहरू हुन्। तिनीहरूमा भजन १, भजन ३७ र भजन ७३ हुन्।

विशेष गरेर येशूका अर्ती कथाहरू समेत गरेर सुमाचारका पुस्तकहरूमा शिक्षाको निम्ति  होस् भन्ने अभिप्रायले धेरै सामग्रीहरू भरिएका छन्। पावलले लेखेका धेरै पत्रहरूमा सुसमाचारको घोषणा चर्को स्वरले सुरु गरेर लेखिएका थिए। तर उनले लेखेका सामग्रीहरूमा इसाई जीवनको दैनिक क्रियाकलापमा कस्तो चालचलन हुनुपर्छ भनेर शैक्षिक सामग्रीसाथ प्रस्तुत गरेकाछन्। प्रकाशको

**पुस्तक पनि शिक्षा सामग्रीहरूले भरिएको छ। त्यसमा भविष्यको इतिहासलाई खुलाएको छ भने येशूको चर्चको भविष्य फुकाएको छ जुन परमेश्वरको थुमाको पुस्तकमा प्रकट गरिएको छ। तर पुस्तक केवल सर्वोच्चा महागुरु येशूले मात्र खोल्न सक्नुहुन्छ (प्रकाश ५:१-५)।**

कतिपयले भन्छन् मोशाले लेखेका पुस्तकहरूमा लेखिएका धेरैजसो शैक्षिक सामग्रीहरू हाम्रो युगमा लागुहुन सक्दैन। केही हदसम्म त्यो ठीक हो। व्यवस्था १७:१४-२०मा पछि गएर इस्राएलीहरूले परमेश्वरको नेतृत्वलाई अस्वीकार गर्दै राजा माग्नेछन् भनेर परमेश्वरले भन्नुभएको थियो। त्यसबेला राजाहरूको बारेमा निर्देशन दिइएको थियो। यदि कोही राजा भएर इस्राएल देशको शासन गर्न चाहन्छ भने कस्तो मानिसलाई राजा चुन्नुपर्छ भनेर स्पष्ट आदेश परमेश्वरले दिनुभएको थियो। आज हाम्रो चर्चमा कुनै पनि मानिसलाई राजा मानेर नियुक्त गर्दैनौं। तैपनि धर्मशास्त्र बाइबलमा लेखिएका शिक्षण निर्देशिकाहरूको हाम्रो युगमा परिमार्जित, उचित र समझदारीरूपमा कार्यान्वन गर्न कसरी निर्णय गर्ने?

## ४. ज्ञानी वा बुद्धिमानी पुरुष र महिलाहरू

**हाम्रो युगमा स्कूल, अध्ययन र शिक्षा भन्ने शब्दहरू स्पष्टरूपमा हामी बुझेका हुन्छौं। तर यी शब्दहरू साधारणतया बाइबलमा उल्लेख गरिएका छैन। तर एउटा शब्द भने चलनचल्तीको छ, त्यो हो बुद्धिमान र बुद्धि। पुरानो करारमा बुद्धिमानी पुरुष र स्त्रीका बारेमा उल्लेख गरिएको छ** (२ शमूएल १४:२, हितोपदेश १६:२३)।

ज्ञानबुद्धीको महत्त्व कतिको छ भनेर १ राजा ४:२९:३४मा हामीलाई कसरी सिकाइएको छ? हेर्नुहोस्, "२९ परमेश्वरले सोलोमनलाई बुद्धि र अति अन्तर्दृष्टि र समुद्रको बालुवाजत्तिकै अनगिन्ती समझशक्ति दिनुभयो। ३० सोलोमनको बुद्धि पूर्वका सबै मानिसहरू र मिश्रदेशका सबै मानिसहरूको बुद्धिभन्दा ज्यादै बढ़ी थियो। ३१ तिनी अरू सबै मानिसहरूभन्दा बुद्धिमान् थिए - एज्री एतान, अनि माहोलका छोराहरू हेमान, कलकोल र दर्दाभन्दा पनि तिनी बढ़ी बुद्धिमान् थिए। अनि तिनको ख्याति वरिपरिका सबै जाति-जातिहरूका बीचमा फैलियो। ३२ तिनले तीन हजार हितोपदेश रचे, र तिनका गीतहरूको संख्या एक हजार पाँच वटा थियो। ३३ तिनले रूखहरूका जीवनको विषयमा, लेबनानका देवदारुदेखि लिएर भित्तामा उम्रने हिसपसम्मका

वर्णन गरे। तिनले पशुहरू, पन्क्षीहरू, घस्रने जन्तुहरू र माछाहरूका विषयमा पनि सिकाए। ३४ सोलोमनका बुद्धिको बारे थाहा पाएका संसारका सबै राजाहरूबाट पठाइएका सबै जातिका मानिसहरू तिनको बुद्धि सुन्न तिनीकहाँ आउँथे।"

राजा सोलोमन अत्यन्तै बुद्धिमानी र ज्ञानी मानिस थिए भनेर उनको उल्लेखनीयरूपमा चर्चा गरिएको छ। उनले पशु र बनस्पति शास्त्रको बारेमा बोलेका थिए भने उनले धेरै अर्ती र उपदेशहरू दिएका थिए। त्यसको अर्थ उनमा ठूलो ज्ञानहरू थिए अर्थात् उनी शिक्षाविद् वा शिक्षाको विद्वान थिए (१ राजा ४:२९-३४)। हितोपदेश र उपदेशकको पुस्तकहरूमा धेरै विषयहरू समेतेर अर्ती र उपदेशहरू दिएका छन्। त्यसमा धेरै जसो राजा सोलोमनका कथनहरू छन् भने त्यसबेलाका बुद्धिमानी अर्थात् ज्ञानी मानिसहरूका भनाइहरू पनि छन् (हितोपदेश १:१, २५:१, हितोपदेश ३०:१, हितोपदेश ३१:१)।

बाइबलको अनुसार बुद्धि वा ज्ञान आजभोलीका शिक्षा जस्तै हो। यी बाबुआमा र शिक्षकहरूबाट सिकिन्छ। ती ज्ञानबुद्धिहरू युवाअवस्थादेखि नै सिकिन्छ (उपदेशक १२:१)। तर खास भनेर भनौं भने जीवनभर मानिसहरूले ज्ञानबुद्धि दिमागमा जम्मा गरिरहेका हुन्छन्। फेरि ज्ञान र बुद्धिको व्यवहारिक पक्ष पनि छ। उदाहरणमा हामीलाई कमिलाबाट पाठ सिक भनेको छ। जसरी अथक प्रयास, मेहनतसाथ आफ्नो भाऊ नखोजि जाडो मौसममा सबै कमिलाहरूको निम्ति गर्मी महिनामा मिलिजुली खानेकुराहरू कमिलाहरूले जम्मा गर्छन् हामीले पनि तिनीहरूबाट पाठ सिकेर मिलिजुली मेहनत गर्नुपर्छ भनेर अर्ती दिएको छ (हितोपदेश ६:६-८)।

हो बुद्धि ज्ञान भनेको केवल व्यवहारिकमात्र होइन त्यसको सैद्धान्तिक पक्ष पनि छन् जुन परमेश्वरमाथि विश्वास अर्थात आस्था राख्नुपर्छ र केही आधारभूत नीतिहरू मानिसको जीवनमा हुनुपर्छ भनेर सिकाइन्छ (हितोपदेश १:७)। ज्ञानबुद्धिले हामीलाई जिम्मेवारी व्यक्ति बनाउँछ र अरूको हितको निम्ति जिउन सिकाउँछ साथै नराम्रो परिस्थितिबाट जोगिन सतर्क गराउँछ। अन्तमा आजको शिक्षा जस्तै ज्ञानबुद्धि भयो भन्दैमा हाम्रो दिमागमा रहेका सबै प्रश्नहरूको जवाफ दिनैपर्छ छैन। तर हामीलाई के थाहा छ त्यसलाई आत्मसात् गर्दै जानसक्छौं र हामीले थाहा नपाएका ज्ञानलाई खोजनिति गर्दै जान्छौं। परमेश्वरको बारेमा थाहा पाउन र उहाँको अनुग्रहमा भर पर्न सिकिरहने मनस्थिति असाध्यै राम्रो हो भनेर मान्नुपर्छ। यर्मिया १८:१८ अनुसार बुद्धिमानी

गुरुको भूमिका पुजारी र अगमबक्ताहरूको सरह हुन्छ भनेर लेखिएको छ। ती तीनै जना-पुजारी, अगमबक्ता र शिक्षकले आफ्ना जनहरूको निम्ति परमेश्वरले दिनुभएको सन्देश प्रवाह गर्नु हो। त्यो प्रवाह गर्ने प्रक्रियामा व्यवस्थाबाट सिकाउने माध्यम, शैक्षिक सल्लाह र परमेश्वरबाट दिनुहुने विशेष सन्देहरू दिनु हो।

हामीले ज्ञानबुद्धिहरू कसरी सिक्ने र पछि आउने पिढीहरूलाई ती ज्ञानबुद्धि छोडेर जाने? हामी मानिस भएको हैशियतले यो काम गर्नु किन महत्त्वपूर्ण छ?

## ५. सुरुको चर्चमा शिक्षाप्रणाली

जब येशूले आफ्ना छात्राहरू वा चेलाहरूलाई छोडेर जान तयार हुनुभएको थियो त्यसबेला उहाँले तिनीहरूलाई अत्यन्तै उल्लेखनीय बाइबलमा भएको शिक्षा नीतिहरूपमा एक प्रस्तुत गर्नुभएको थियो। तिनीहरू उहाँसँग कमसेकम साढे तीन वर्षसम्म थिए। यो समय झण्डै हामीले हाइस्कूल वा कलेज शिक्षाको निम्ति समावेश हुन्छौं। जब कित हाइस्कूल वा कलेजको अध्ययन सकिन्छ तब हामीले विद्यार्थीलाई अब आफ्नै तरिकाले आफ्नो जीवन व्यवस्थित गर्न तयार हुनसक्छ भनेर मानिलिन्छौं। हुन त यो विद्यार्थीमा पनि भर पर्दछ।

तर आफ्ना विद्यार्थी वा चेलाहरूको बारेमा येशूलाई राम्रोरी थाहा थियो। उहाँको व्यक्तिगत उपस्थितिको अभावमा चेलाहरूले उहाँबाट सिकेका शिक्षा वा नीतिहरू त्यतिकै रोकियोस् भन्ने उहाँको चाहना थिएन बरू पवित्र आत्माको गुरुत्वमा तिनीहरूले सिकेका कुराहरू सम्झिरहुन् र सिक्ने कुरामा निरन्तरता पाउन् भन्ने उहाँको इच्छा भएकोले तिनीहरूलाई पवित्र आत्मा उपलब्ध गराउनुभएको थियो। कुनै ठाउँहरूमा शिक्षक वा अगुवालाई सान्त्वना दिने वा पहल गर्ने (ग्रीक भाषामा *पाराक्लिटोस* ***paracletos***) येशूका चेलाहरूलाई स्थाइरूपमा दिइने भनेर उल्लेख गरिएको छ (यूहन्ना १४:१६,१७)। उहाँ कुनै हावादारी नभएर सत्यको आत्मा भनेर चिनाइएको छ। पवित्र आत्मालाई शिक्षक नै भनेर चिनारी नगेतापनि उहाँको काम शैक्षिक नै थियो। त्यो शिक्षा सत्य पत्ता लगाउन मानिसहरूलाई खोज्नेहरू उपलब्ध गराउने उहाँको काम हो।

शैक्षिक प्रणालीको महत्त्वको सन्दर्भमा पावलले १ कोरन्थी २:१-१६मा के भनिरहेका छन्? हेर्नुहोस्, "१ भाइ हो, म तिमीहरूकहाँ आउँदा, ठूला-ठूला कुराहरू र बुद्धिमा परमेश्वरका गवाहीको घोषणा गर्दै आइनँ। २

किनकि तिमीहरूसँग हुँदा येशू ख्रीष्ट र उहाँलाई क्रूसमा टाँगेका कुराबाहेक
अरू केही नजान्ने नै मैले निश्चय गरेको थिएँ। ३ म तिमीहरूकहाँ दुर्बलतामा
र ज्यादै डर र कम्पसाथ आएँ। ४ मेरो उपदेश र सन्देश घतलाग्दो र
बुद्धिपूर्ण शब्दमा थिएन, तर पवित्र आत्माको र शक्तिको प्रदर्शनमा थियो, ५
ताकि तिमीहरूको विश्वास मानिसको बुद्धिमा होइन, तर परमेश्वरको शक्तिमा
आधारित होस्। ६ तापनि परिपक्व भएकाहरूका बीचमा हामी बुद्धिको प्रचार
गर्दछौं, तर यस युगको बुद्धि होइन, न त यस युगका शासकहरूको बुद्धि, जो
निश्चय बितिजानेछ। ७ तर हामी परमेश्वरको गुप्त र लुकेको बुद्धिको प्रचार
गर्दछौं, जो युगयुगअघि हाम्रो महिमाको निम्ति परमेश्वरले नियुक्त गरिदिनुभयो।
८ यस युगका कुनै पनि शासकहरूले त्यो कुरा बुझेनन्। तिनीहरूले बुझेका
भएदेखि महिमाका प्रभुलाई क्रूसमा टाँग्ने नै थिएनन्। ९ तर यसो लेखिएको
छ, "आँखाले नदेखेका र कानले नसुनेका र मानिसले मनमा नसोचेका, यी नै
कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूका निम्ति तयार पार्नुभएको छ।" १०
परमेश्वरले हाम्रा निम्ति पवित्र आत्माद्वारा त्यो प्रकट गर्नुभएको छ। किनकि
पवित्र आत्माले प्रत्येक कुरा खोज्नुहुन्छ, परमेश्वरका गहिरा-गहिरा कुराहरू पनि
खोजी गर्नुहुन्छ। ११ मानिसभित्र रहेको आफ्नै आत्माबाहेक कसले मानिसका
विचारलाई बुझ्न सक्छ? त्यसरी नै परमेश्वरका विचार परमेश्वरका आत्माबाहेक
कसैले बुझ्दैन। १२ अब हामीले संसारको आत्मा पाएका छैनौं, तर परमेश्वरले
हामीलाई दिनुभएका वरदानहरू बुझ्न सकौं भनेर उहाँबाट पवित्र आत्मा पाएका
छौं। १३ जुन कुरा हामी प्रचार गर्छौं, ती कुरा मानिसहरूको बुद्धिले सिकाएका
शब्दहरूमा होइन, तर पवित्र आत्माले सिकाउनुभएअनुसार हामी आत्मिक
शब्दहरूमा आत्मिक सत्यताहरूको अर्थ खोल्दछौं। १४ जो मानिस आत्मिक
छैन, त्यसले परमेश्वरका आत्माका कुराहरू ग्रहण गर्दैन। किनकि ती कुराहरू
त्यसको निम्ति मूर्खता हुन्छन्, र त्यसले ती बुझ्न सक्दैन, किनकि ती कुराहरू
आत्मिक रीतिले मात्र चिन्न सकिन्छ। १५ आत्मिक मानिसले सबै कुराको
जाँच गर्दछ, तर ऊचाहिँ कुनै मानिसद्वारा जाँचिनेछैन। १६ "किनकि कसले
प्रभुको मनलाई जानेको छ? र कसले उहाँलाई सिकाउन सक्छ?" तर हामीसँग
त ख्रीष्टको मन छ।

**जब पावल कोरन्थीको चर्चमा पहिलो पटक आएका थिए तब उनले येशू ख्रीष्ट र उहाँको क्रुसबाहेक केही कुरा नबोल्ने अठोटमा आएका थिए भनेर पावलले तिनीहरूलाई याद दिलाउँछ (१ कोरन्थी २:२)। कुनै लटरपटर वा**

मानिसलाई मनमुग्ध पार्ने भाषण गर्न उनी त्यहाँ गएका थिएनन् तर केवल सुसमाचारको घोषणा गर्नको निम्ति मात्रै तिनी त्यहाँ गएका थिए। तर त्यतिकै त्यो अन्त भएको थिएन (१ कोरन्थी २:६) किनभने जब नयाँ इसाईहरू परिपक्व हुन्छन् वा येशूको सुसमाचार राम्ररी बुझ्छन् तब बुद्धि सिकाउन पावल फर्किने कुरा गरेका थिए। संसारको सामु परमेश्वरले लुकाइरहेका कुराहरू (१ कोरन्थी २:७) वा परमेश्वरका गहिरा गहिरा रहस्यमय कुराहरू (१ कोरन्थी २:१०) सुनाउन कोरन्थीहरूकहाँ फर्किने वचन पावलले दिएका थिए। सबै जना परमेश्वरको आत्माको अगुवाईमा अध्ययन गर्नेछ जब उहाँ पवित्र आत्मा सिक्न चाहनेहरूसँग सम्मिलित हुन्छ।

त्यो अध्ययन कतिको गहिरो हुनेछ र पवित्र आत्माले अगुवाई गर्नेहरूलाई सिकाउने कति धेरै हुनेछ त? यो अध्याय अगमवक्ता यशैयाको कथनलाई उद्धृत गर्दै पावलले अन्त्य गर्दछ, "कसले परमप्रभुको मन बुझेको छ, अथवा उहाँको सल्लाहकार भएर उहाँलाई शिक्षा दिएको छ?" ( यशैया ४०:१३)। सर्वसाधारण मानिसहरूतिर लक्षित गर्दै अगमवक्ताले बोलिरहेका थिए। त्यसबेला कोही पनि मानिसलाई परमेश्वरको मन बुझेको छैन न त उहाँलाई सिकाउन नै सकेको छ। तर पावलले त्यो दृष्टिकोणलाई सच्याउँदै आफ्नो भनाइ अन्त गर्छ " हामीमा ख्रीष्टको दिमाग छ" इ अर्थात् पवित्र आत्माले भरिएका इसाईहरूसँग परमेश्वरको दिमागभित्र जान पनि पाइन्छ जसलेगर्दा धार्मिकता, असल वा उचित जीवन यापना गर्न चाहिने ज्ञानहरू जति चाहे पनि सिक्न र बुझ्न उपलब्ध हुन सक्छ (१ कोरन्थी २:१०-१३)।

## उपसंहारः

थप जानकारीः मत्ती २८:१८-२०मा येशूले दिनुभएको सुसमाचार सुनाउने महान् आदेशले संसारभरि अत्यन्तै उल्लखनीय धार्मिक अभियानलाई परिचालन गरेको थियो। केही प्रेरित वा सुसमाचार प्रचारकहरू (जसको अर्थ पठाइएकहरू) त्यसबेलाका संसारभरि गएर छात्रहरू जम्मा गरेर तिनीहरूलाई चेला बनाउँदै येशूलाई विश्वास गर्ने बनाएका थिए। तिनीहरूले ती छात्रहरूलाई बप्तिस्मा दिएर येशूबाट सिकेका वचन उहाँकै आदेशक अनुसार सिकाएका थिए। विश्वभरिका विभिन्न जाति, संस्कार ,संस्कृति र भाषाका येशूलाई विश्वास गर्नेहरू बप्तिस्माको पानीबाट निस्केर आत्मिक पाठशालामा भर्ति हुन पुगेका थिए। त्यहाँ तिनीहरूले प्रारम्भिक शिक्षासहित निरन्तर सिक्ने पेशामा लाग्न आफूहरूलाई

समर्पित गरेका थिए। यो अचम्मको कुरा थिएन किनक तिनिहरूले सिक्नुपर्ने कुराहरू धेरै थिए।

येशूलाई विश्वास गर्नेहरू निरन्तररूपमा सिकिरहेका हुन्छन तर केवल उत्सुक लागेर दिमागमा ज्ञान भर्नमात्र वा कुनै ज्ञानमा पौरख हुनलागिकोमात्र नभएर इसाई आस्थाको जीवन भनेको दैनिक जीवनको प्रत्येक कुनामा पसाउनको निम्ति हो। सिक्नुपर्ने धेरै कुराहरू छन्। त्यसले गर्दा नयाँ करारका पत्रहरूमा दुवै येशूको बारेमा गरिने घोषणा (कहिलेकाहीँ नयाँ करारको भाषाले ***केरिग्मा kerygma*** भनिन्छ) र येशूभक्तहरूले सिक्नुपर्ने सबै शिक्षाहरू समावेश भएका छन् (जसलाई कहिलेकाहीँ नयाँ करारमा यसलाई ***डिडाके didache*** भनिन्छ)। यस घोषणाको ज्वलन्त उदाहरण १ कोरन्थी २:२मा देखाइएको छ। यहाँ येशूको बारेमा जान्नुपर्ने शिक्षाको सुरु हुन्छ १ कोरन्थी ४मा कुनै न कुनै शिक्षाले निरन्तरता पाउँदै बाँकि पत्रको अन्त्य हुन्छ। येशूका भक्तहरूले सिक्नुपर्ने कुरा के हो त?

केही हदमा यी हुन् अर्थात् येशूलाई एक फेरा विश्वास गरेर बप्तिस्मा लिएपछि र नियमितरूपमा साबथमा चर्च जाँदैमात्र इसाई परिपक्वता भयो भन्ने स्थिति वा कदमा पुगिन्दै। तिनीहरूले काम गर्नुपर्छ (कतिपय आफू येशूलाई सुम्पेको भनि केही नगरि हातबाँधेर बस्ने चलन इसाईहरूलाई नसुहाउने भइरहेको छ जब ६ दिन काम गर भन्ने परमेश्वरको सल्लाह होइन आदेश नै हो। केही नगरि बस्ने र चर्चको मुखमात्र ताकेर बस भनेर बाइबलमा कहीँ पनि उल्लेख गरिएको छैन), विश्राम (शरीरलाई आराम चाहिन्छ यसलाई घोटाउनेमात्र होइन), सामाजिक विषयहरूमा चासो राख्नु, समूदायसँग राम्रो सम्बन्ध राख्नु, चर्च जानु, सङ्गति गर्नु, व्यक्तिगत आराधना गर्नु, आर्थिक मामिलामा सचेत हुनु, धन आर्जन गरेर आफूलाईमात्र होइन दिलदार भएर अरूलाई पनि दिनु वा परोपकारी हुनु, शासक वा आफूभन्दा माथिका वर्गहरूसँग राम्रो सम्बन्ध राख्नु, सरसल्लाह र सुझावहरू दिनु, परिवार राम्रोसँग चलाउनु, वैवाहिक जीवन सफल बनाउनु, बालबालिक हुर्काउनु, स्वस्थकर खाना खानु र तयार गर्नु, उचित लुगाफाटा लगाउनु, बुढेस कालको निम्ति तयारी हुनु र आफ्नो व्यक्तिगत र संसारको अन्तको लागि तयार हुनु आदि इसाई जीवनलाई गतिशील बनाउने बाइबलका केही शिक्षाहरू हुन्। येशूभक्त हुनुभनेको सबै थोकको बारेमा जान्नु र अझ धेरै जानिरहनु (दानिएल बेबिलोन सभ्यताका सबै

**ज्ञानहरूमा अरूभन्दा दश गुणा बढि निपुण थिए)। विश्वमा फैलिरहेको ज्ञान स्वत आउँदैन तर त्यसलाई आर्जन गर्नैपर्छ वा सिकिरहनु नै पर्छ।**

**चिन्तनमनन:**

अ. चर्चको लक्ष्य पूरा गर्न शैक्षिक काम किन महत्त्वपूर्ण छ?

आ. जब एलेन जी ह्वाइटले *एजुकेशन* पृ. ३०१मा "स्वर्ग भनेको पाठशाला हो" भनेर व्यक्त गर्नुभएको थियो, त्यसको अर्थ के हो?

इ. १ कोरन्थी २:१-१६ फेरि पढ्नुहोस्। पावलले पाएको प्रेरणाद्वारा परमेश्वरले प्रकट गर्नुभएको के कुरा हामीलाई बुझाउन खोजिरहेको छ। यो पनि सोच्नुहोस्, संसारका शासकवर्गहरू र कुनै पनि युगका ज्ञानबुद्धि आखिरमा केही पनि नहुने भएर अन्त्य हुन्छ। दुई हजार वर्ष अघि पावलले त्यसबेला भएका दर्शन, ज्ञान, बुद्धी, विज्ञान आदिको बारेमा भन्न सकेको थियो भने अहिले हाम्रो युगमा मानिसहरूले उमारेका ज्ञान, बुद्धि, दर्शन वा विज्ञान आदिलाई हामीले के भन्ने?

## कथा ८
## बाइबल अध्ययनको समूहमा तीन पल्ट आक्रमण
## अल्कामाट्टु, ३६, भारत

भारतको पञ्जाब राज्यको अमृत सहरको एउटा ठूलो घरको बैठमा पास्टर सामसनले अल्का र उनका १४ जना घरका परिवारलाई प्रकाशको बारेमा बाइबल अध्ययन दिइरहेका थिए। उनी कोठाको पछिल्लो ठाउँमा उभिरहेका थिए। घरका परिवारका सदस्यहरू भुईंमा बसेर सुनिरहेका थिए। उनको हातमा बाइबल थियो। "ठूलो अजिङ्गर वा राझस जो पौराणिक सर्प थियो र जसलाई शैतान र दियाबल भनिन्छ, उसलाई स्वर्गबाट फ्याँकियो र यस पृथ्वीमा खसालियो। उसले नै सारा पृथ्वीलाई धोखा दिन्छ। त्यस शैतानसँग उसका मतियार स्वर्गदूतहरू पनि यस पृथ्वीमा खसालिए" पास्टरले प्रकाश १२:९बाट पढ्दै थिए। उनले पढिसकेपाछि अल्काको ससुरा शशिपाल चकटीबाट जुरुक्क उफ्रेर पास्टरलाई खाउँला जस्तै गरेर झम्टिन पुगे। "येशूको बारेमा तिमीले किन सिकाइरहेका छौ। यस संसारमा म शक्तिशाली छु" आँखाबाट आगो निकाल्दै त्यस ससुरा चिच्यायो। शैतान वा दुष्ट आत्माले आफूलाई धम्की दिइरहेको पास्टर सामसनलाई महसुस भयो। उनलाई १ यूहन्ना ४:४ पद याद गरे। "नडराउनुहोस्, हामी घुँडा टेकेर प्रार्थना गरौं" उनले परिवारलाई अनुरोध गरे। शशिपाल घुँडा टेक्न अस्वीकार गरे र उनी चिच्याइ नै रहे। पास्टरले त्यस ससुराको शिरमा हात राखेर उनको आँखामा सिधै हेरेर भने "तिमी शैतान, तिमी त येशूलाई कलभरीको क्रुसमा टाँगिएपछि हारिसकेका छौ। म येशूको रगतले धोइएको छु। ममाथि तिम्रो अधिकार छैन। मेरा साथीहरूमाथि पनि तिम्रो अधिकार छैन। तिनीहरू मसँग प्रार्थना गर्दैछन्। शैतान, तलाईं परास्त्र गर्न परमेश्वरको आत्मा हामीमाथि आउनुभएको छ। प्रभु येशू ख्रीष्टको नाउँमा र उहाँको रगतको नाउँको शक्तिले तलाईं हट्न म आदेश दिन्छु। येशूको नाउँमा यसबाट निस्केर आऊ र जाऊ।" एकै छिनमा शशिपाल घुँडा टेक्न पुगे। बिस्तारै र शान्तसँग बोल्दै त्यस बयोबृद्ध मानिसले भने "येशू तपाईंलाई धन्यवाद छ।" त्यस दिन उनबाट शैतान हटेर गयो। "आमेन, परमेश्वरको जय होस्। "परमेश्वर असल हुनुहुन्छ" भन्दै पास्टर सामसन र परिवारले स्तुती गाउन थाले। एक हप्तापछि पास्टर सामसन फेरि बाइबल सिकाउन आए। त्यस दिन उनले प्रकाश १२:११ पढेर सुनाए "तिनीहरू थुमाको रगतले जिते।" जब उनले यो भन्दै थिए अल्काको १६ वर्ष छोरो  सिँह जस्तै गर्जन थाल्यो। अनि गधा जस्तै कराउन थाल्यो,

अनि कुकुर जस्तै भुक्न थाल्यो र सर्प जस्तै हिस गर्न थाल्यो। "यस घरमा पास्टर आएर प्रार्थना गरेको म चाहन्न। मेरो घरमा येशूको नाउँमा बोल्न नदिनु" भनेर रिसले चिच्याउन थाल्यो। अघिल्लो हप्ता आएको त्यही दुष्ट आत्मा हो भनेर पास्टर सामसनले महसुस गरे। शैतानले आफ्नो उपस्थिति जनाउन यो चर्तिकला गरेको हो भनेर उनले थाहा पाए। "नडराउनुहोस्। हामी प्रार्थना गरौं" उनले अनुरोध गरे। त्यस परिवार तीन दिनसम्म खाना र पानी नखाइ उपवास बसे। तेस्रो दिन शुक्रबारको बेलुका अल्काको घरमा पास्टरले बाइबल अध्ययन दिन आए। त्यसबेला अल्काको छोरो जोन खुशी हुँदै परिवारसँग घुँडा टेकेर प्रार्थना गर्न सम्मिलित भयो। सिँह जस्तो गर्जने, गधा जस्तो कराउने, कुकुर जस्तो भुक्ने र सर्प जस्तो हिस गर्नुको सट्टा पास्टरको हात बिस्तारै आफ्नो शिरमाथि राख्यो। "मेरो लागि प्रार्थना गर्नुहोस्। म कमजोर महसुस भएको छु। मेरो मुटु दुःख्छ। मलाई गर्‍हौं भएको महसुस भएको छ" उसले भन्यो। पास्टर सामसनले उसको निम्ति प्रार्थान गरे। जोनले फेरि पशु जस्तो कहिल्यै पनि हल्ला गरेन। तर यो कथा यहीं अन्त्य भएको हुँदैन।

अर्को हप्ता पास्टर सामसन फेरि बाइबल सिकाउन आए। त्यस दिन उनले एफिसी ६:१०-१८ पढे। त्यसमा शैतानसँग भिँड्न परमेश्वरका अस्त्रहरू धारणा गर्नुपर्छ भनेर लेखिएको छ। जब उनले पढ्दै थिए तब अल्काको श्रीमान सुरिन्दर अचानक आफ्नो छोरो जोनतिर हेरेर गर्जिन थाले "तँमा भएका दुष्ट आत्माहरू खोइ? तिमीभित्र ती दुष्ट आत्माहरू अब छैन। तिनीहरू मभित्र छ!" पास्टर सामसन परिवारलाई फेरि प्रार्थना गर्न अनुरोध गरे। प्रार्थना पछि उनले भजन २३ र भजन ९१ पढ्न अनुरोध गरे। "यो शैतानको अन्तिम चुनौति हो" उनले भने। त्यसपछि "जब येशू घरमा हुनुहुन्छ त्यो घर खुशी खुशी घर हो" भन्ने गीत गाए। सुरिन्दर पनि सँगसँगै गीत गाए। दुष्ट आत्माहरू उनबाट निस्किसकेका थिए। ती दुष्ट आत्माहरू अब त्यस घरमा कहिल्यै पनि फर्केर आएन।

आफ्नो पुरानो जीवनबाट अल्का र उनको परिवार एउटा मूख्य आस्थाको बारेमा सिकिरहेको धेरै भयो। तिनीहरू अहिले पनि येशूको अनुग्रह र धार्मिकताको बारेमा सिक्दैछन्। "मेरो परिवारको निम्ति प्रार्थना गरिदिनुहोस्। मेरी आमाले पनि येशूलाई ग्रहण गरोस् भनेर उनको निम्ति बिशेष प्रार्थना गर्नुहोस्" अल्काले यस लेखकलाई भनेकी थिइन्।

-लेखक आन्द्र्यु मेकचेस्नी